महाशिला गाउँपालिकाको गाउँसभामा २०७८ आषाढ १० गते बिहीबार
उपाध्यक्ष श्री हिरा कुमारी रानाले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को
# बजेट वक्तव्य

महाशिला गाउँपालिका
बालाकोट, पर्वत
२०७८

**सभाध्यक्ष महोदय,**

१. महाशिला गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष विद्यमान विषम परिस्थितिका विच वर्तमान सरकारको पाँचौ वर्षको वजेट प्रस्तुत गरि रहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने तथा विकास निर्माण कार्यलाई गुणस्तरी रुपमा व्यापक जनसहभागिता सहित कार्यान्वयन गर्ने र स्थानीय स्तरमा स्वरोजगार सृजना गर्दै विदेशबाट फर्कि आएका दाजुभाई तथा दिदीबहिनीहरुलाई व्यवसायिक कृषि, पशुपालनमा संलग्न गराउनु पर्ने विषयमा गहन जिम्मेवारी बोध गरी आगामी आ.व. २०७८।७९ को बजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएकी छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरि समृद्ध महाशिलाको परिकल्पनामा साथ दिनुहुने सम्पूर्ण महाशिलाबासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

२. सिमित स्रोत साधनको बाबजुत पनि जनताका आधारभुत आवश्यकता पूरा गर्दै स्रोतको समन्यायिक वितरण तथा महत्तम उपयोग मार्फत समृद्ध महाशिला निर्माणको महाअभियानमा महाशिला गाँउपालिका प्रतिवद्ध छ । यस महाअभियानमा आर्थिक, भौतिक एवं नैतिक साझेदारहरु केन्द्र सरकार, गण्डकी प्रदेश सरकार, विभिन्न दातृ निकाय एवं महाशिलाबासी प्रति म आभारी छु ।

३. स्थानीय सरकार गठन भएको पाँच बर्ष वितिसकेको अवस्थामा हामीले यस अवधिमा स्थानीय सरकारलाई संस्थागत गर्दै जनताले महसुस गर्ने किसिमले सेवा प्रवाह तथा विकास निर्माणको काममा अगाडि बढिरहेको र यसलाई निरन्तर र अझै परिस्कृत रुपमा अगाडि बढ्न गाउँपालिका प्रतिवद्ध र तत्पर छ । संविधानले निर्दिष्ट गरेको संघ प्रदेश र स्थानीय तह बीचको सहकारीता, सहअस्थित्व र समन्वयको सिद्धान्तलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व पारदर्षिता सुनिश्चित गरि शुलभ र गुणस्तरीय सेवा प्रवाह कानुनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजबाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्थानीयतह देखि नै सुदृढिकरण गरी विधायीकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न गठित स्थानीय सरकारको रुपमा आर्थिक वर्ष २०७८/०७९ को बजेट यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वीत महशुस गरेकी छु ।

४. गत बर्ष र चालु आर्थिक बर्षको बजेट कार्यान्वयनबाट महाशिला गाउँपालिकामा सुशासन, विकास र समृद्धिको दरिलो आधार खडा भएका छन् । साथै सामाजिक न्याय, गरिवि निवारण, रोजगारी सिर्जना मार्फत उद्यमशिलताको विकास मार्फत जनताको जीवनस्तरमा व्यापक सुधार र भौतिक पूर्वाधारको विकासका महत्वपूर्ण आधार खडा भएको कुरामा म विश्वस्त छु ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले जनताका आवश्यकता र मागहरुलाई प्राथमिकतामा राखेकी छु । साथै यो वर्ष हासिल भएका उपलब्धिहरुलाई संस्थागत गदै विकासका थप आधारशिला खडा गर्न बजेट केन्द्रित गरेकी छु । साथै बजेट मार्फत निम्न विषयहरुलाई समेट्ने प्रयास गरेकी छु ।

- आर्थिक विकास, गरिवी निवारण र रोजगारीको सिर्जना
- कोरोना लगाएत अन्य आकस्मिक विषयहरु
- पुर्वाधार विकास
- उत्पादनमुलक तथा छिटो प्रतिफल दिने विषयहरु
- जनताको जीवस्तर उकास्ने कार्यक्रम
- स्थानीय स्रोत सीप र साधनको प्रयोग एवं स्थानीय सहभागिता
- लैङिगक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय
- दिगो विकास, वातावरणीय संरक्षण तथा संम्वर्द्धन
- पारदर्शिता, उत्तरदायित्व, सुचनाको हकमार्फत सुशासनको अभिवृद्धि

६. आगामी आ.व.को बजेट तर्जुमामा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, गाउँपालिकाले लिएको नीति , गाउँपालिकामा निर्मित कानुन तथा मापदण्ड, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, संघ तथा प्रदेशको नीति बजेट तथा कार्यक्रम, स्थानीय स्रोतसाधन, स्थानीय आवश्यकता, विषयगत एवं विभिन्न समितिसंगको छलफल र स्थानीय विभिन्न पक्षहरुको सल्लाह

सुझावलाई आधार मानि विद्यमान परिस्थितीको सामना गरि हाल सम्म भएका उपलव्धीहरुलाई संस्थागत गर्दै सिमित स्रोत र साधनको महोत्तम सदुपयोग गरी सार्थक, सहभागिता मूलक लोकतान्त्रीक पद्धतीबाट नागरिकले खोजेको, रोजेको, चाएको विकास र समता मूलक समाज निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै प्रगतीशिल र उदयीमान गाउँपालिकाको रुपमा यस गाउँपालिकालाई विकास गर्न यो बजेट बनाएकी छु ।

**सभाध्यक्ष महोदय,**

अव म गाउँपालिकाको गत वर्षको यथार्थ , चालु आर्थिक वर्षको संसोधित अनुमान र वित्तिय परिचालनमार्फत भएका उपलब्धि बारेमा संक्षिप्त जानकारी गराउन अनुमति चाहन्छु ।

यस आर्थिक वर्षमा गाउँपालिकामा केन्द्र र प्रदेशबाट हालसम्म वित्तिय समानीकरण, राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानी समेत गरि प्राप्त जम्मा रकममा चालु खर्चमा कुल विनियोजित रु. ५ करोड ९३ लाख ४९ हजार २ सय १३ मध्ये ७४।४५ प्रतिशत, पूजीगत खर्चतर्फ विनियोजित रु. ९ करोड ७५ लाख ५९ हजार ७ सय बैसठी मध्ये केही ठुला योजनाको भुक्तानी बाँकी रहेकोले असार मसान्तसम्म ७३ प्रतिशत पूँजीगत खर्च हुने संसोधित अनुमान छ । ससर्त अनुदानको १८ करोड ४९ लाख ७२ हजार ६ सय विस मध्ये ५६.९२ प्रतिशत खर्च भएको छ । गरिब संग विश्वेश्वर कार्यक्रममा १०० प्रतिशत, एल.जी.सि.डि.पि तर्फ १०० प्रतिशत प्रतिशत गरी कुल ५१.८७ प्रतिशत खर्च प्रगति भएको छ ।

७. चालु आर्थिक वर्षमा आन्तरिक आयतर्फ रु ६० लाख ८० हजार अनुमान गरिएकोमा हालसम्म १७ लाख ५० हजार ७ सय पैंचालिस राजश्व संकलन भएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको वजेटको सोच तथा लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।

सोच : दीगो, समन्यायिक, समावेशी विकास मार्फत सुसंस्कृत र समृद्ध महाशिला निर्माण बजेटको सोच रहेको छ ।

लक्ष्य: आर्त्मनिर्भरताको माध्यमबाट महाशिलाबासीको जीवनस्तर सुधार गरी सुखी र खुशी नागरिक बनाउनु बजेटको लक्ष्य रहेको छ ।

**उदेश्य:** पुर्वाधारको विकास, सर्वसुलभ आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, खाद्य सुरक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, रोजगारीको सिर्जना , समावेशी र सामाजिक न्यायमा आधारित समाज, मानवअधिकार, सन्तुलित विकास र उपलब्ध स्रोत साधनको न्यायोचित वितरण वजेटको उद्देश्य रहेको छ ।

**सभाध्यक्षज्यू,**

अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र :** यस क्षेत्रको निम्ति २ करोड ९१ लाख रकम विनियोजन गरेकी छु । जसबाट.........

**११. महाशिलाको सरोकार एक घर एक रोजगार** भन्ने मुल नाराका साथ सुरु भएको महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्न र यस कार्यक्रमलाई निरन्तरता दिदै त्यसको लागि रु ७९ लाख विनियोजन गरेकी छु । विदेशमा रहेका युवाहरुलाई गाउँ फर्कि उद्यमी बन्नको निम्ती गाउँमा उद्यम घरमै रोजगारी घर फर्क प्यारा प्यारी कार्यक्रम/व्याज अनुदानको लागि रु २ लाख विनियोजन गरेकी छु ।

१२. कृषिलाई उत्पादनमुखी बनाउदै निर्यातउन्मुख बनाउने उदेश्यको साथ कृषि तथा पशु उधमशिलता कार्यक्रम साझेदारी कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेकी छु ।

१३. पशुपालनको क्षेत्रमा कृषकलाई थप प्रोत्साहन होस, पशुजन्य उत्पादनमा हामी आत्मनिर्भर बन्न सकौ र लिमे पारकोटे पाडापाडी संरक्षण समेत होस भनी प्रति भैसी सुत्केरी ५०० का दरमा भैसी सुत्केरी कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु । उत्पादन महाअभियानमा हाम्रो ध्यान दुध तरकारी र मासुमा सहकारी मार्फत अनुदान कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१५.कृषि क्षेत्रमा उत्पादन बढाउने र खाद्य सुरक्षाका निम्ति बाँझो जग्गा खेती अभियान कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१६. पशु क्षेत्रको विकास, कृषि क्षेत्रमा औजार सहयोग, तालिम, विउ, प्रविधि, विभिन्न फलफुलको विकासको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

१७. मजदुर तथा कृषि मजदुर कल्याणकारी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

**सामाजिक विकास क्षेत्र : यस क्षेत्रको विकासका निम्ति १ करोड ८८ लाख ३७ हजार ३ सय ७३ रुपैया विनियोजन गरेकी छु। जसबाट....**

**१८.** अपाङगता भएका व्यक्तिलाई सामाजिक सुरक्षा कोष र मासिक भत्ता उपलब्ध गराई जिविकोपार्जनमा सहजताका लागि रु.४ लाख विनियोजन गरेकी छु। साथै एकल पूरुष तथा विदुरका लागि मासिक भत्ताका लागि रु.५ लाख विनियोजन गरेकी छु।

१९. महाशिला धुवाँकोट क्याम्पसको प्रशासनिक अनुदान तथा पूर्वाधार विकासको लागि रु ६ लाख तथा महाशिला गाउँपालिका अर्न्तगत महेन्द्रज्योति मा.वि मा सञ्चालन भएको व्यावसायिक शिक्षाको प्रशासनिक अनुदान तथा पूर्वाधार विकासको लागि रु ३ लाख विनियोजन गरेकी छु साथै सवै विद्यालयमा अंग्रेजी पाठ्यपुस्क अनुदान, विद्यालय मर्मत घेराबार, परीक्षा सञ्चालन, शैक्षिक क्यालेन्डर निर्माण र होमवर्क डायरी, चिल्डेन पार्क वाल उद्यान, अध्यक्ष असाहय वालवालिका छात्रावृत्ती कल्याणकारी कोष लगाएतका कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

२०. डिजिटल एक्सरे सेवाको लागि कुश्मा, पोखरा वा वालिङ्ग जानुपर्ने वाध्यतालाई अन्त्य गर्न गाउँपालिकाको वडा नं. ५ स्थित लुंखु प्राथमिक स्वास्थ्य केन्द्रमा डिजिटल एक्सरे खरिद गरि सेवा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाएकी छु।

२१. महाशिला गाउँपालिकालाई जिरो होम डेलिभेरी घोषणा गर्ने अभियान र सुत्केरी महिलाको स्वास्थ्य अवस्थाको सुधारको लागि स्वास्थ्य संस्थामा सुत्केरी हुने सुत्केरी महिलालाई कुखुरा वा घिउ सहित घरमा भेट्न जाने उदेश्यले अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको लागि रु २ लाख ५ हजार विनियोजन गरेकी छु। साथै कुनादेखी कोरासम्म कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकी छु।

२२. सामाजिक विकृति जाँड रक्सि जुवा तास विरुद्धको अभियानलाई निरन्तरता दिई पूर्ण सार्थकता दिलाउन आवश्यकता बमोजिम खर्च गर्ने गरी आवश्यक रकम विनियोजन गरेकी छु।

२३. खेलकुद विकास र प्रर्वद्धन तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको लागि समेत आवश्यक रकम विनियोजन गरेकी छु।

**२४** शिक्षा क्षेत्रलाई प्रविधि मैत्री बनाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयमा इ-हाजिरी, इन्टरनेट सेवा ICT को विकासको निम्ती गत आ.व.मा व्यवस्था गरिएको रु १४ लाख र रु २ लाख रकम विनियोजन गरेकी छु।

**पूर्वाधार विकास : यस क्षेत्रको निम्ती ७ करोड २९ हजार ३ सय ५३ रुपैया विनियोजन गरेकी छु। जसबाट.....**

२५. मल्काबाङ्ग लुंखु गानाबाङ्ग खण्डको कालोपत्र गर्ने योजना बहुबर्षिय ठेक्कामा भै रहेको उक्त सडकको कालोपत्रेको लागि आगामी आर्थिक वर्षमा कार्य सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु।

२६.भोक्सीङ सर्वुडाँडा सालडाँडा सडकको लागि प्रदेश सरकारबाट प्राप्त समपुरक योजनाको निम्ती गाउँपालिकाको तर्फबाट आवश्यक रकम रु ४० लाख विनियोजन गरेकी छु।

२७.गाउँपालिका अर्न्तगतका सडकहरु मर्मत तथा आवश्यक डि पी आर र फुटकर योजना कार्य गर्नको निम्ती रु २५ लाख विनियोजन गरेकी छु। साथै वसपार्क कालोपत्रेका लागि आवश्यक वजेट विनियोजन गरेकी छु।

२८. साथै विपन्नको घर निर्माण, घडेरी तथा आवास विकास लगाएतका कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेकी छु।

**वातावरण तथा जलवायु विपद व्यवस्थापनका लागि २९ लाख ८१ हजार १ सय ८० रुपैया विनियोजन गरेकी छु। जसबाट ..........**

२९. गाउँपालिका क्षेत्रमा विभिन्न समयमा आउनसक्ने आकस्मिक विपद तथा संकटको अवस्थामा, हाल विश्वव्यापी रुपमा फैलिएको कोरना भाइरस विरुद्ध लड्न, आकस्मिक उद्धार तथा राहत उपलब्ध गराउन एक प्रकोप व्यवस्थापन कोष स्थापना गरी सोही कोषबाट रकम खर्च गर्ने गरी रु ९ लाख विनियोजन गरेकी छु।

३०. पूर्ण सरसफाई कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेकी छु।

३१. कृषकलाई कृषि पेशामा टिकाइराख्न बाँदरको आतंकबाट बसाईसराई गर्ने स्थिति नआओस भन्ने उदेश्यले बालाकोट लुंखु पाखापानी क्षेत्रमा बाँदर नियन्त्रण तथा खाद्य सुरक्षाको वृहत कार्यक्रम सञ्चालनको लागि रु २ लाख विनियोजन गरेकी छु।

३२. तारजालि खरिद, अर्थिङ्ग, वन तथा भु संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेकी छु।

**संस्थागत विकास सेवा प्रवाह र सुशासनः यस क्षेत्रमा २३ लाख २० हजार ७ सय ८७ रुपैया विनियोजन गरेकी छु । जसबाट.....**

**३३.** अनुसन्धान र विकास प्राविधिक उपकरण खरिदका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

३४. जनताको सूसुचित हुने अधिकारको प्रर्वद्धन गर्दै सार्वजनिक सुनुवाई, नागरिक वडापत्र निर्माण स्वास्थ्य तथा संघ संस्थाको लेखा परीक्षण, न्यायिक समिति क्षमता अभिवृद्धि तालिम समेत विभिन्न कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

३५. स्थानीय सेवा ऐन गठन नहुदा सम्म र ओ एण्ड एम सर्भे भई कर्मचारी पदपूर्ति नहुन्जेल केही कर्मचारी करार सेवामा निरन्तरता दिई/राखी सेवा प्रवाह सुचारु गरिनेछ ।

**सभाध्यक्षज्यू,**

३६. अव म आगामी बर्षको  बजेट विनियोजन र स्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३७. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु ३७ करोड ५८ लाख ६० हजार ८ सय रुपैंया मात्र विनियोजन पेश गरेकी छु । जसमा जम्मा चालु खर्चमा  राजश्व बाँडफाँड र आन्तरिक आयबाट कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च ३ करोड २७ लाख ६७ हजार १ सय ७, पूजीँगत कार्यक्रम र क्षेत्रगत विकास खर्च तर्फ १३ करोड ५० लाख ९३ हजार ६ सय ९३ रुपैंया शसर्त तर्फ संघीय सरकारको तोकिएको कार्यक्रम रु १६ करोड ९७ लाख, विशेष अनुदान संघिय सरकार १ करोड ८ लाख, शसर्त अनुदान प्रदेश सरकार रु ६० लाख, प्रदेश सरकार समपुरक रु.४० लाख र जिल्ला समन्वय समिति पर्वतको रु.४० लाख रहेको छ । सामाजिक सुरक्षाको आवश्यक रकम अन्तर सरकारी अख्तियारी मार्फत व्यवस्था गरिएको छ । संघिय सरकार, अन्य विषयगत मन्त्रालय एवं विभागबाट प्राप्त हुने रकम सहित पुंजीगत खर्च, कार्यक्रम खर्च विकास खर्च र चालु खर्च गरि जम्मा ३७ करोड ५८ लाख ६० हजार ८ सय रुपैंया मात्र व्यय अनुमान पेश गरेकी छु ।

आगामी आ.व. २०७८।७९ को खर्च व्यहोर्ने स्रोतमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान ७ करोड ४ लाख, संघिय सरकार ससर्त अनुदान १६ करोड ९७ लाख, राजश्व बांडफांड बाट ४ करोड ४२ लाख १२ हजार रुपैयाँ, विशेष अनुदान १ करोड ८ लाख त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानीकरण तर्फ ६९ लाख दुई हजार, राजश्व बांडफाँडबाट २२ लाख ४४ हजार तथा प्रदेश ससर्त अनुदान ६० लाख, समपुरक अनुदान ४० लाख, आन्तरिक राजश्व तर्फ अनुमानित रु ७१ लाख २ हजार ८ सय, र यस वर्ष खर्च नभई बाँकी रकम अनुमानित रु ४ करोड ८४ लाख ३१ हजार ७ सय ७७ रहेको छ । संस्कृति तथा पर्यटन मन्त्रालय वाट एक करोड ७५ लाख र अन्य निकायवाट रु.४० लाख गरी जम्मा रु ३७ करोड ५८ लाख ६० हजार ८ सय रुपैंया मात्र आय अनुमान पेश गरेकी छु ।

**सभाध्यक्षज्यू,**

३८. अव म आगामी आर्थिक वर्ष २०७८।७९ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३९ . कर प्रणालीमा संरचनात्मक सुधार गदै करको दायरा फराकिलो पार्दै लगिनेछ ।  कर प्रणालीलाई वैज्ञानिक, अनुमानयोग्य र पारदर्शि प्रणालीको रुपमा विकास गरिनेछ । करयोग्य सवै किसिमको आयलाई करको दायरामा ल्याउदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो पारिनेछ ।

४०. चालु आर्थिक वर्षमा लगाईएका करका दरहरुमा सामान्य हेरफेर गरेको छु । साथै करको दायरा विस्तार गर्न थप केही कराधार थप गरिएको छ ।

४१. गत आ.व.को यथार्थ खर्च, चालु आ.व.को संसोधित खर्च अनुमान र आगामी आर्थिक वर्षको  अनुमानित आय व्ययलाई अनुसूचीमा उल्लेख गरेकी छु ।

अन्त्यमा, बजेट निर्माणको लागि मार्गदर्शन गर्नु हुने श्रीमान अध्यक्षज्यू, वडाअध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी प्रति आभारी छु । विभिन्न विषयगत समिति, राजनीतिक दल, सरकारी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, बुद्धिजिवी  एवं आम महाशिला बासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै आगामी आर्थिक वर्षको बजेट कार्यन्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

**धन्यवाद ।**

**हिरा कुमारी राना**
उपाध्यक्ष
महाशिला गाउँपालिका

# ७.१ आय तथा व्ययको प्रक्षेपण

## अनुसूची १

| शीर्षक आय | आ.व. २०७८/७९ को अनुमान |
|---|---|
| राजस्व | ३७५८६०८०० |
| आन्तरिक श्रोत | ७१०२८०० |
| ११३१४ भुमिकर/मालपोत | २७८४००० |
| ११३२१ घरवहाल कर | १०४४०० |
| ११३२२ घरजग्गा रजिष्टेशन शुल्क | ५०००० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ५८०००० |
| १४२४३ सिफारिश दस्तुर | २२०४००० |
| १४२६५ अन्य क्षेत्रको आय | ४६४००० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ५२२००० |
| १४५२९ अन्य राजस्व | ५८००० |
| ११३२२ वहाल विटोरी कर | ५८००० |
| १४६११ व्यवसाय कर | २७८४०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ४६४५६००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्त:शुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ४४२१२००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २२४४००० |
| अन्तर सरकारी वितीय हस्तान्तरण | |
| संघीय सरकार | २६८४०००००० |
| १३३११ समानिकरण अनुदान | ७०४०००००० |
| १३३१२ शसर्त अनुदान | १६९७०००००० |
| १३३१८ विशेष अनुदान | १०८०००००० |
| अन्य अनुदान चालु पर्यटन मन्त्रालय साझेदारी | १७५०००००० |
| प्रदेश सरकार | १६९०२००० |
| १३३११ समानिकरण अनुदान | ६९०२००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६०००००० |
| समपुरक अनुदान | ४०००००० |
| जिल्ला समन्वय समिति पर्वत | ४०००००० |
| जिल्ला समन्वय समिति पर्वत | ४०००००० |

| | |
|---|---|
| वितीय व्यवस्था (प्राप्ति) | ० |
| बजेट न्यून (-) गत वर्षको मौज्दात | ३३०००००० |

नेपालको संविधान धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम रु.

| शीर्षक | | आ.व.२०७८/७९ को अनुमान |
|---|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च (शसर्त बाहेक) | | ३२७६७१०७ |
| २११११ | पारिश्रमिक कर्मचारी | ७८७८८३६ |
| २११२१ | पोशाक | ४५०००० |
| २११३१ | स्थानीय भत्ता | २५०००० |
| २११३२ | महंगी भत्ता | ४५०००० |
| २११३९ | अन्य भत्ता | २००००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ९००००० |
| २११४२ | पदाधिकारी सुविधा | ६४००००० |
| २२१११ | सञ्चार महशुल | २००००० |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ७००००० |
| २२४१२ | अन्य सेवा शुल्क | २००००० |
| २२२१३ | सवारी साधन मर्मत | ९००००० |
| २२२१४ | विमा तथा नविकरण | २००००० |
| २२२२१ | मेशिनरी, औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००००० |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | १२००००० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १५०००० |
| २२३१५ | सूचना तथा विज्ञापन | ३००००० |
| २२३१९ | अन्य कार्यालय सञ्चालन | २००००० |
| २२४१३ | करार सेवा शुल्क | ८३७५००० |
| २२५२९ | विविध खर्च | ९९९००० |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | १४६४२७१ |
| २२६१२ | भ्रमण खर्च | ४००००० |
| २८१४२ | घरभाडा | १५०००० |
| | अतिथि सत्कार | २००००० |
| | कर्मचारी प्रोत्साहन र पुरस्कार | १५०००० |
| २२११२ | पानी तथा बिजुली | १००००० |
| २८१४३ | सवारी साधन तथा मेशिनरी भाडा | १५०००० |

## पालिका तर्फ

| संकेत नं. | शीर्षक | आ.व.२०७८/७९ को अनुमान |
|---|---|---|
| १० | **आर्थिक विकास** | **२९१००००००** |

| | | |
|---|---|---|
| १०१० | कृषि | १३४००००० |
| | पशु विकास र औषधी | २००००० |
| | लिमे पारकोटे पाडापाडी संरक्षण भैसी सुत्केरी भत्ता ६०० भैसीलाई | ३००००० |
| | उत्पादन महाअभियान दुध, तरकारी र मासुमा पशु विमामा अनुदान सहकारी मार्फत | ५००००० |
| | बाँझो जग्गामा खेती अभियान र भूमि वैक स्थापना कार्यक्रम | ५०००० |
| | कृषि औजार उपकरण सहयोग | ४००००० |
| | चिया र कफी क्षेत्र विकास | ३००००० |
| | टिमुर, कागती तथा फलफूलका विरुवा अनुदान ५० प्रतिशत | ५०००० |
| | पक्की सडक छेउ हरित सडक कार्यक्रम टोल विकास संस्थासंग सहकार्य | १००००० |
| | साझेदारी कार्यक्रम सहयोग | १०५००००० |
| | कृषि पूर्वाधार | ५००००० |
| | साना सिचाई र थोपा सिचाई | ५००००० |
| १०२० | उद्योग तथा वाणिज्य | १८००००० |
| | लघु उद्यम विकास कार्यक्रम | ३००००० |
| | मजदुर तथा कृषिमजदुर कल्याणकारी कार्यक्रम १००० घरपरिवारमा मासिक ५०० जम्मा गर्दा रु २५० पालिकावाट जम्मा गर्ने १० वर्ष सम्म ५वर्ष झिक्न नपाइने सहकारी मार्फत | १५००००० |
| | | १८००००० |
| १०३० | पर्यटन साझेदारी र समपूरककोष | ५८००००० |
| | महाशिलाको शिला क्षेत्रको मूर्ति कुद्ने र प्रदेश पूर्वाधार विकास साझेदारी | ५०००००० |
| | अन्य क्षेत्रको पर्यटन पूर्वाधार विकास | ८००००० |
| | | ५८००००० |
| १०४० | महाशिला विकास स्वयंसेवक कार्याक्रम | ७९००००० |
| | स्वंयसेवक खर्च | ७५००००० |
| | पोषक खर्च | २५०००० |
| | निर्माण सामाग्री र सेप्टी सामाग्री | ५०००० |
| | विमा | १००००० |
| | | ७९००००० |
| १०५० | वित्तीय क्षेत्र | २००००० |
| | गाउँमा उद्यम, घरमै रोजगारी, घर फर्क प्यारा प्यारी कार्यक्रम विदेशवाट फर्केका युवालाई व्यावसाय ऋणमा वार्षिक छुट व्याज अनुदान कार्यक्रम स्थानिय सहकारीमार्फत १२% व्याजसम्ममा ( कृषि, पशुपालन र लघुउद्यममा ) | २००००० |
| **२०** | **सामाजिक विकास** | **१८८३७३७३** |
| २०१० | शिक्षा | १४०००००० |
| | विद्यालय शुसासन प्रवर्द्धन | २००००० |
| | सवै विद्यालयमा अग्रेजी पाठ्य पुस्तक अनुदान | ५००००० |
| | शिक्षाको वाल कक्षा व्यावस्थापन | ४००००० |
| | विद्यालय मर्मत घेरावार | ५००००० |
| | शैक्षिक सामाग्री लगायत क्षमता तालिम | ३००००० |
| | परिक्षा संचालन | ३००००० |
| | शैक्षिक क्यालेण्डर र होमवर्क डायरी व्यावस्थापन | १००००० |

| | | |
|---|---|---|
| | राष्ट्रपति रनिङ्ग सिल्ड | ३००००० |
| | प्रअ वैठक भोला डायरी स्टेशनरी व्यावस्थापन | ३००००० |
| | स्थानिय पाठ्यक्रम विकास १ देखी ५ | ३००००० |
| | प्रविधि मैत्री कार्यालय | २००००० |
| | पालिका स्तररिय स्काउट क्रियाकलाप र प्रतियोगिता कार्यक्रम सहयोग | ३००००० |
| | अध्यक्ष असहाय वालवालिका छात्रवृति तथा कल्याणकारी कोष | १००००० |
| | क्याम्पस अनुदान | ६००००० |
| | व्यावसायिक शिक्षा अनुदान र पूर्वाधार सहयोग | ३००००० |
| | वासका र कार्यालय सहयोगी र लेखापाल तलव थप | ५२००००० |
| | विद्यालय क्ष्त्रृत र कार्यालय ल्यापटप कम्प्युटर प्रीन्टर खरिद | १४००००० |
| | विद्यालयको कोठा निर्माण र मर्मत रंग रोगन | २७००००० |
| | | १४०००००० |
| २०२० | स्वास्थ्य | ११०५००० |
| | स्वास्थय संस्था औषधी लगायत अत्यावश्यक सेवा कोरोना भाईरस | ५००००० |
| | अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम कुखुरा वा धिउ रु. २००० | २०५००० |
| | स्वास्थ्यकर्मी प्रोत्साहन र स्वास्थ्य संस्थाको मसलन्द खर्च | ४००००० |
| | | ११०५००० |
| २०३० | खानेपानी तथा सरसफाइ | २५०००० |
| | खानेपानी पाईप खरिद | २५०००० |
| | | २५०००० |
| २०४० | संस्कृति प्रवर्द्धन | ९५०००० |
| | गुम्वा मठ मन्दिर देवालय मर्मत संरक्षण | २५०००० |
| | प्योधि निर्माण लाम्तुन | ७००००० |
| | | ९५०००० |
| | सामाजिक विकृति जाँड रक्सी जुवा तास विरुद्धको अभियान | १००००० |
| २०५० | खेलकुद तथा मनोरञ्जन | ८००००० |
| | खेलकुद र सामाग्री क्लव सहयोग | ५००००० |
| | खेलमैदान सहयोग | ३००००० |
| | | ८००००० |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | १६३२३७३ |
| | वाल मैत्री वार्ड घोषण अभियान कार्यक्रम गैसस परिचालन | २००००० |
| | दलित शसक्तिकरण कार्यक्रम | ५०००० |
| | लैगीक हिंसा र किशोरी शिक्षा | ५०००० |
| | जनजाती उत्थान कार्यक्रम | ५०००० |
| | द्वन्द पिडित विच मेलमिलाप सम्मान कार्यक्रम | ५०००० |
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |
| | अपांगता भएका व्याक्तिकालागि सामाजिक सुरक्षा कोष र मासिक भत्ता ग र घ वर्ग रु. ५०० र ३०० | ४००००० |
| | कुना देखी कोरा सम्म महाशिला भेटी कार्यक्रम प्रति घर रु५००० | २८२३७३ |
| | एकल पुरुष तथा विदुर भत्ता मासिक रु. १००० | ५००००० |
| | | १६३२३७३ |
| **३०** | **पूर्वाधार विकास** | **७००२९३५३** |

| | | |
|---|---|---|
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | ४८६७९३५३ |
| | कालो पत्रे सडक निर्माण लुंखु गानावान | २५६२९३५३ |
| | लुंखुमा वतासे र वसपार्क व्यावस्थापन कालोपत्रे | ६००००० |
| | घण्टे लुंखु सडक स्तर उन्नती ( प्रदेश सरकार ३० लाख ) | १५००००० |
| | भोगसिंग सर्वुडाँडा सालडाँडा सडक स्तर उन्नती समपुरक अनुदान गाउँपालिका र प्रदेश सरकार ( ४०लाख + ४० लाख) | ४०००००० |
| | भोगसिंग पाखुरे वालाकोट गाँउ वाट वारेडाँडा सडक | ८००००० |
| | दमैडाँडा लाम्तुन सडक स्तर उन्नती | ८४०००० |
| | दह दियालीडाँडा हिरुखर्क सडक | ९००००० |
| | लुंखु वान्द्रे सेरा सडक | ६००००० |
| | अगाहा अर्गाउदी पोर्चु अर्खभञ्ज्याग सहक | ५००००० |
| | पैयुभञ्ज्याग अगाह सडक | १०००००० |
| | लामास्वारा भोर्ले भगेरे गाढा दुक्तान ढाडखर्क सातमुले सडक | ५००००० |
| | लुखुरे गुम्वा अकलादेवी सडक | ५००००० |
| | सार्थन आगमाङ्ग वसेनी सडक | ५००००० |
| | महाशिला गुजुरमुन्टा वान्द्रे सडक | २००००० |
| | अर्खभञ्ज्याङ्ग पोर्चु सडक | २००००० |
| | भोगसिग वागमारा वसेनी सडक | २००००० |
| | फुटकर योजना निर्माण मर्मत अन्य योजनाका डिपिआर | २५००००० |
| | मिलचोक भोक्सिङ्ग सुभद्रीखर्क सडक (समपुरक म्याद थप गत आ.ब) | ६९५०००० |
| | बालाकोट दह खेलमैदान शौचालय | २१०००० |
| | ज्ञानोदय बौद्ध विहार शौचालय निर्माण | १५०००० |
| | झोपु साझेदारी | ४००००० |
| | | ४८६७९३५३ |
| ३०३० | भवन तथा सहरी विकास | २०९५०००० |
| | वार्ड तथा गाउँपालिका प्रशासकीय भवन निर्माण साझेदारी | १९०००००० |
| | घडेरी तथा आवास विकास एकीकृत वस्तिविकास | १२००००० |
| | विपन्नको घर निर्माण | ६००००० |
| | सार्वजनिक निर्माण र मर्मतसुधार | १५०००० |
| | | २०९५०००० |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्‌युत (वैकल्पिक उर्जा समेत) | २००००० |
| | विद्युत साथै सडक वत्ति सहयोग मर्मत | २००००० |
| | | २००००० |
| ३०५० | सञ्चार | २००००० |
| | फ्रि वाईफाई सेवा ६ स्थान | २००००० |
| | | २००००० |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **२९८११८०** |
| **१** | विपद् व्यवस्थापन कोष | ९००००० |
| **२** | तार जाली खरिद | ५००००० |
| **४** | वन व्यवस्थापनको लागि औजार खरिद उद्यम विकास र अनुकुलन योजना सहयोग | ३००००० |
| **७** | अम्रिसो कल्की तथा अन्य विरुवाहरुको वृक्षारोपण | ३११८० |

| | | |
|---|---|---|
| ९ | विपद पुर्व तयारी सामग्री खरिद | १००००० |
| ११ | ६ वटै वडाहरुमा बाँदर नियन्त्रण तथा खाद्य सुरक्षाको लागि वृहत कार्यक्रम | २००००० |
| १३ | पानि मुल, सिमसार तथा पोखरी संरक्षण | २००००० |
| १४ | स्वास्थ्य विमामा विपन्नलाई प्रीमियममा छुटकालागि | १००००० |
| १५ | सर सफाई सार्वजनिक शौचालय | २५०००० |
| १६ | विभिन्न ठाउँमा अर्थिङ कार्यक्रम | २००००० |
| १८ | एम्वुलेन्स मर्मत सहयोग | २००००० |
| | जम्मा | २९८११८० |
| **५०** | **सुशासन तथा सेवा प्रवाह तर्फ** | **२३२०७८७** |
| १. | कर्मचारी क्षमता विकास | २००००० |
| २. | सार्वजनिक सुनुवाई | १००००० |
| ३. | जनप्रतिनिधि क्षमता विकास | २००००० |
| ६. | नागरिक बडापत्र | ८०००० |
| ७. | न्यायिक समिति क्षमता अभिबृद्धी तालिम | १००००० |
| ८. | मालपोतको लगत व्यवस्थापन | ४०७८७ |
| ९. | अनसन्धान र विकास प्राविधिक उपकरण खरिद | ३००००० |
| ११ | प्रहरी लगायत सुरक्षा व्यवस्थापन निकाय सहयोग | १००००० |
| १२ | संघ संस्था, आमा समुहहरुलाई सामग्री सहयोग | ४००००० |
| १३ | पत्र पत्रिका सहयोग | ४००००० |
| १५ | आर्थिक सहायता रकम | ४००००० |
| | जम्मा | २३२०७८७ |

## वार्ड तर्फ खर्च विनियोजित

| सि.न. | शिर्षक | आ.ब. ०७८/०७९ |
|---|---|---|
| **क)** | **आर्थिक बिकास (वडा नं.१, होश्राङ्गदी)** | **६०००००।००** |
| १ | व्यवसायीक कृषी तथा पशुपंक्षी पालक कृषकलाइ सहयोग कार्यक्रम | ६०००००।०० |
| **ख)** | **सामाजीक बिकास** | **३५०००००।००** |
| १ | अर्घाउँदी खेलमैदान | ८०००००।०० |
| २ | प्रोचु खेलमैदान | ७०००००।०० |
| ३ | पहारकुना खेलमैदान | ५०००००।०० |
| ४ | पैयुँकोट खेलमैदान | ५०००००।०० |
| ५ | लक्ष्मीदय आधारभुत विद्यालय घेरावार | १००००००।०० |
| **ग)** | **पुर्बाधार बिकास** | **१०५०००००।००** |

| | | |
|---|---|---|
| १ | खानिमहर पुवरथर मोटरबाटो | ५००००।०० |
| २ | सम्पुर्ण सडक मर्मत | ६५००००।०० |
| ३ | ठकुरी, पौडेल सोती टोलमा मोटरबाटो योजना | १०००००।०० |
| ४ | कटहरे घुम्ती नेपाली टोल भट्टराई मोटरबाटो निर्माण | ५००००।०० |
| ५ | गडी पुर्णगाउँ जौखेत सडक मर्मत | २०००००।०० |
| **क )** | **आर्थिक बिकास (वडा नं.२, भोक्सिङ्ग)** | **२०००००** |
| १ | लामीडाडा टोल आलु भण्डार घरेडी व्यवस्थापन | १००००० |
| २ | काउले टोल आलु भण्डार निर्माण | ५०००० |
| ३ | उन्नत जातको बिउ विजन खरिद | ५०००० |
| **ख)** | **सामाजीक बिकास** | **१५००००** |
| १ | महेन्द्रोदय मा.वि. फर्निचर व्यवस्थापन | १००००० |
| २ | शिवालय प्रा.वि. फर्निचर व्यवस्थापन | ५०००० |
| **ग)** | **पुर्बाधार बिकास** | **११५००००** |
| १ | पाखुरे टोल गोरेटो बाटो निर्माण | ५०००० |
| २ | बाघमारा टोल गोरेटो बाटो निर्माण | ५०००० |
| ३ | वडा कार्यालय - महेन्द्रोदय मा.वि.सडक सोलिङ | १००००० |
| ४ | गुरुङ्ग गाउँ सिद्धथान सडक सोलिङ | ५०००० |
| ५ | देउराली टोल ठाउँसरा खोला कलभर्ट निर्माण | ५०००० |
| ६ | वडा भित्रको सम्पूर्ण मोटर बाटो सरसफाई | ३००००० |
| ७ | खेलकुद मनोरञ्जन | ५०००० |
| ८ | बागमारा-बसेनी सडक निर्माण | २५०००० |
| ९ | सर्वुडाडा टोल बौद्धगुम्बा चिती सडक मर्मत | ५०००० |
| १० | मन्केडाँडा टोल सडक मर्मत योजना | ५०००० |
| ११ | वडा कार्यालय मर्मत सुधार | ५०००० |
| १२ | स्वास्थ्य चौकी ढल निकास तथा जाली | १००००० |
| **क )** | **आर्थिक बिकास (वडा नं.३, बालाकोट)** | **४९००००** |
| १ | विऊ विजन खरिद | १००००० |
| २ | सोलार बत्ति मर्मत तथा खरिद वितरण | २१०००० |
| ३ | कृषि औजार वितरण | ८०००० |
| ४ | बालाकोट अर्गानिक कृषि कफि तथा पशुपंक्षि फर्म पूर्वाधार सुधार | १००००० |
| **ख)** | **सामाजीक बिकास** | **३५००००** |
| १ | खेलकुद कार्यक्रम सहयोग तथा खेल सामाग्री खरिद वितरण | १५०००० |
| २ | दियाली डाँडा खेलमैदान घेरावार | ५०००० |
| ३ | खानेपानी पाइप खरिद वितरण | १००००० |
| ४ | भिरहडाँडा सिद्द मन्दिर घेरावार | ५०००० |
| **ग)** | **पुर्बाधार बिकास** | **११०००००** |
| १ | निगाली सामुदायिक ट्रष्ट भवन निमार्ण | २००००० |

| | | |
|---|---|---|
| २ | हिरु खर्क स्वास्थ्य इकाइ ट्रष्ट भवन निमार्ण | २५0000 |
| ३ | वडा भित्रका सवै मोटर वाटो सरसफाई | ४५0000 |
| ४ | सित्ले वाउनडाडा सडक विस्तार | १00000 |
| ५ | चन्द्रोदय प्रा.वि. पूर्वाधार सुधार | १00000 |
| **घ)** | **विपद व्यवस्थापन** | **६0000** |
| १ | वन औजार सामाग्री वितरण | ६0000 |
| **क )** | **आर्थिक बिकास (वडा नं.४, पाखापानी)** | **७५0000** |
| १ | धनुमासे देखि लौसिडाडा सम्मे मोटर बाटो निर्माण ग्रामिण कृषि सडक योजना | २00000 |
| २ | गानावाङ देखि चिसापानी सम्म मोटर बाटो निर्माण ग्रामिण कृषि सडक योजना | ५0000 |
| ३ | लाम्तुन कमीडाडा देखि पैयुडाडा सम्म ग्रामिण कृषि सडक योजना | २00000 |
| ४ | कोल्लेरी देखि सृजनाको घर सम्म मोटर बाटो निर्माण ग्रामिण कृषि सडक योजना | १00000 |
| ५ | बाखा सहकारी धुवाकोट अनुदान | १५0000 |
| ६ | बङगुर बाखा कुरुवा अनुदान | ५0000 |
| **ख)** | **सामाजीक बिकास** | **५00000** |
| १ | मिलिजुली युवा क्लब खेल मैदान निर्माण | १00000 |
| २ | पाईप खरिद | ८0000 |
| ३ | वडा कार्यलय संचालन तथा ब्यावस्थान | ५0000 |
| ४ | विउविजन खरिद | ५0000 |
| ५ | सिठेनी जयईश्वर प्रा.बि.मा प्रतिक्षालय निर्माण | ५0000 |
| ६ | खेलकुद र मनोरञ्जन | १00000 |
| ७ | कोट मन्दिर पुजा ब्यवस्थापन | २0000 |
| ८ | नागरिक सचेतना केन्द्र भवन मर्मत सम्भार | ५0000 |
| **ग)** | **पुर्बाधार बिकास** | **१२५0000** |
| १ | वडा भरिका सबै मोटरबाटो मर्मत योजना | २५0000 |
| २ | स्वधर्म घुम्ती देखि नानि खर्क तिरको बाकि रहेको मोटर बाटो निर्माण योजना | २00000 |
| ३ | सिम्ले देखि दानसिङ सम्म मोटर बाटोको स्तर उन्नति गर्ने योजना | १५0000 |
| ४ | लाम्तुन नया गाउ देखि वसेनी ु मोटर बाटो स्तर उन्नति | १00000 |
| ५ | मैदाना देखि कोट मन्दिर सम्म सडक निर्माण | १00000 |
| ६ | सिम्ले कमेरो घुम्ति  देखि ढुङगाना सम्म सडक निर्माण योजना | २00000 |

| | | |
|---|---|---|
| ७ | स्वास्थ्य चौकि देखि हिउ पर्ने डाडा सम्म पदमार्ग निर्माण योजना | १००००० |
| ८ | दवदय देखि उपलडाडा सम्म पदमार्ग निर्माण योजना | १५०००० |
| **क )** | **आर्थिक बिकास (वडा नं.५, लुंखुदेउराली)** | **७०००००** |
| १ | कृषि औजार सहयोग | १००००० |
| २ | सिंचाई पाईप खरिद | ७५००० |
| ३ | चिसापानी पदमार्ग आहाले छिप्छीपे | २००००० |
| ४ | चिसापानी पदमार्ग सम्म देखि कुल मन्दिर | २००००० |
| ५ | तरकारी विउविजन खरिद | १२५००० |
| **ख)** | **सामाजीक बिकास** | **४७५०००** |
| १ | चिसापानी आधारभूत विद्यालय कार्यलय व्यवस्थापन | २५००० |
| २ | बुद्ध आधारभूत विद्यालय कार्यलय व्यवस्थापन | २५००० |
| ३ | चनौटे आधारभूत विद्यालय कार्यलय व्यवस्थापन | २५००० |
| ४ | महाशिला आधाभूत विद्यालय कार्यलय व्यवस्थापन | २५००० |
| ५ | सगरमाथा आधारभूत विद्यालय कार्यलय व्यवस्थापन | २५००० |
| ६ | सरस्वती आधारभूत विद्यालय कार्यलय व्यवस्थापन | २५००० |
| ७ | देवकी आमा समुह भवन मर्मत तथा फर्निचर | २५००० |
| ८ | रामजानकी आमा समुह भवन मर्मत तथा फर्निचर | २५००० |
| ९ | सृजनशिल आमा समुह कार्यालय व्यावस्थापन | २५००० |
| १० | राधिका आमा समुह कार्यालय व्यावस्थापन | २५००० |
| ११ | पार्वती आमा समुह कार्यालय व्यावस्थापन | २५००० |
| १२ | दुक्तान खेल मैदान निर्माण | १००००० |
| १३ | विद्यालय अनुदान | १००००० |
| **ग)** | **पुर्बाधार बिकास** | **११५००००** |
| १ | सम्पूर्ण सडक सफाइ | २००००० |
| २ | जोरकाफल काहुले सपाउंदे धुँवाकोट सडक ट्र्याक ओपन | १५०००० |
| ३ | साहुघर साङले चनौटे दियाली डाँडा सडक स्तरोउन्नती | ५०००० |
| ४ | कुसुन्डाँडा ज्यामिरे रातामाटा बान्द्रे सडक स्तरोउन्नती | १००००० |
| ५ | पौडेल कुल मन्दिर घन्तरी ट्रस भवन निर्माण | ५०००० |
| ६ | सिद्धमार्ग स्तर उन्नती | १००००० |
| ७ | वि.क टोल आहाले ट्रस भवन निमार्ण | १५०००० |
| ८ | सुवेदी कुल मन्दिर ट्रस भवन निर्माण | २५००० |
| ९ | चिसापानी शिव मन्दिर ट्रस भवन निर्माण | १००००० |
| १० | लामे चण्डी मन्दिर निर्माण | १००००० |
| ११ | चनौटे प्रतिक्षालय निर्माण | ५०००० |
| १२ | अधिकारी कुलमन्दिर साहुघर घेराबार | २५००० |
| १३ | वडा कार्यालय फर्निचर | ५०००० |
| | | |

| | | |
|---|---|---|
| **क )** | **आर्थिक बिकास (वडा नं.६, फलामखानी)** | **४५0000** |
| १ | व्यवसायिक कृषि तथा पशुर्पक्षि पालक कृषकलाई सहयोग कार्यक्रम | ४५0000 |
| **ग)** | **सामाजीक बिकास** | **३00000** |
| १ | तिन वटै विद्यालय कक्षा कोठा वाइरिङ | १२0000 |
| २ | युवालाई खेलकुद सामग्री खरीद | ८0000 |
| ३ | टोलटोलका खेलमैदानलाई घेराबार जाली खरिद | १00000 |
| **ख)** | **पुर्बाधार बिकास** | **७५0000** |
| १ | घन्तरी नुवाखर्क सडक स्तर उन्नती | १४0000 |
| २ | सामुदायिक क्रियापुत्री टस निर्माण | ९0000 |
| ३ | कडेनी आमा समुह भवन  निर्माण | ९0000 |
| ४ | थापा घर्ति सम्सान घाट ठाटी निर्माण | ९0000 |
| ५ | सिस्नेरी मुखीया थर सम्म गोरेटो निर्माण | ५0000 |
| ६ | गैराधर राम्चे सम्म गोरेटो बाटो निर्माण | ५0000 |
| ७ | पैँयूबोट परगोठा गोरेटो बाटो निर्माण | ६0000 |
| ८ | ओखरबोट लामागोठ तहर  गोरेटो बाटो निर्माण | ५0000 |
| ९ | डाँडाघर सामुदायिक भवन सम्म गोरेटो बाटो निर्माण | ५0000 |
| १0 | वडा भरीका मोटर बाटो सरसफाई | ८0000 |
| **वडागत जम्मा** | | ११८२५000।00 |
| **पालिका जम्मा** | | १५६0३५८00।00 |
| **संघिय सरकार शसर्त तोकिएका कार्यक्रम** | | १६९७00000 |
| **संघिय सरकार विशेष अनुदान फलामखानी स्वास्थ्य चौकी** | | ५000000 |
| **संघिय सरकार विशेष अनुदान दिदीबहिनी भवन निर्माण** | | ५८00000 |
| **पर्यटन मन्त्रालय महाशिला शिला क्षेत्रको पूर्वाधार निर्माण र मूर्तिकुध्ने** | | १७५00000 |
| **प्रदेश सरकार सशर्त  लुंखु घन्तरी फलामखानी घण्टे सडक निर्माण** | | ३000000 |
| **प्रदेश सरकार सशर्त  भोक्सिङ्ग महेन्द्रोदय स्कुल वडाकार्यालय हुँदै बनडाँडा सडक** | | ३000000 |
| **प्रदेश सरकार समपुरक भोक्सिङ्ग सर्वुडाडा सालडाँडा सडक स्तरोन्नती** | | ४000000 |
| | **संचित कोषमा प्राप्त कुल जम्म बजेट** | **३७५८६0८00।00** |